पोखरा महानगरपालिका
कास्की
गण्डकी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

वर्ष : ६ पोखरा खण्ड : ७६ प्रमाणित मितिः २०७९ पौष १४ गते

## भाग २

# पोखरा महानगरपालिका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गठन र संचालन कार्यविधि–२०७९

# पोखरा महानगरपालिका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गठन र संचालन कार्यविधि–२०७९

**प्रस्तावना**ः मानव बेचबिखन तथा ओसारपसार कार्य निराकरण गरी तत्सम्वन्धी क्रियाकलाप संचालन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ बमोजिम ऐन निर्माण नभए सम्मका लागि यो कार्यविधि तयार गरिएको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिति उपसमितिहरुको गठन गर्नसक्ने व्यवस्था गरे मुताबिक यस पोखरा महानगर पालिकाले मानब बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति गठन र परिचालन कार्यविधि २०७९ जारी गरेको छ।

## परिच्छेद –१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम पोखरा महानगरपालिकाको मानव वेचबिखन तथा ओसार पसार नियन्त्रण समिति (गठन तथा संञ्चालन) कार्यविधि २०७९ रहेको छ।

(२) यो कार्यविधि महानगरपालिकाको स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुने छ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**प्रमुख भन्नाले**" महानगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

(ख) "**उपप्रमुख भन्नाले**" महानगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ।

(ग) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(घ) "**ऐन भन्नाले**" मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ सम्झनु पर्दछ।

(ङ) "**नियमावली भन्नाले**" मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नियमावली २०६५ सम्झनु पर्दछ।

(च) "**स्थानीय तह भन्नाले**" पोखरा महानगरपालिका सम्झनु पर्दछ।

(छ) "**वडा कार्यालय भन्नाले**" पोखरा महानगरपालिका १ देखि ३३ सम्मका सबै वडा कार्यालय सम्झनु पर्दछ।

(ज) "**समिति भन्नाले**" मानब बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति सम्झनु पर्दछ।

(झ) "**नगर स्तरीय समिति भन्नाले**" मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण पोखरा महानगरस्तरीय समिति सम्झनु पर्दछ।

(ञ) "**वडा समिति भन्नाले**" मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण पोखरा महागनरपालिका वडा नम्वर १ देखि ३३ सम्मका सबै वडामा गठित समिति सम्झनु पर्दछ।

## परिच्छेद -२
## नगरस्तरीय समिति

३. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नगरस्तरीय समितिको गठन देहाय बमोजिम हुने छ।

(१) महानगरपालिकाको आयोजनामा स्थानीय महिला समुह, लैंगिक हिंसा निवारणको लागि निगरानी समुह, नगर बाल संजाल, नगर बाल संरक्षण समिति, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघसंस्था, स्वास्थ्य स्वंयमसेवीका तथा स्थानीय विद्यालयका शिक्षकशिक्षिका, स्थानीय प्रहरी आदिको उपस्थितिमा महानगरपालिका स्तरीय भेला गर्ने । उक्त भेला महानगरपालिकाको उपप्रमुखको अध्यक्षतामा बस्ने छ।

(२) सोही भेलाले देहायका प्रतिनिधिहरुको मनोनयन गरी नगर स्तरीय समिति गठन गर्ने छ।

४. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण महानगरस्तीय समिति सम्वन्धि ब्यवस्था देहाय बमोजिम हुने छ।

(१) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नियमावली २०६५, मावन बेचबिखन तथा ओसारपसार नियन्त्रण पहिलो संसोधन नियमावली २०७७ र मानव बेचबिखन बिरुद्धको स्थानीय समिति गठन तथा परिचालन निर्देशिका २०६५, स्थानीय सरकार संचालन २०७४ को दफा १४ अनुसार मानव बेचबिखन तथा ओसारपसार लाई नियन्त्रण गर्नका लागि पोखरा महानगरपालिकामा देहाय बमोजिमको महानगरस्तरीय समिति रहने छ ।

तपसिल

१) संयोजक : नगर उपप्रमुख (न्यायिक समिति संयोजक)

२) सदस्य : संयोजकले तोकेको एकजना नगरसभा सदस्य

३) सदस्य : प्रमुख स्थानीय प्रहरी कार्यालय

४) सदस्य :प्रमुख शिक्षा महाशाखा

५) सदस्य : प्रमुख स्वास्थ्य महाशाखा

६) सदस्य :प्रमुख कानुन महाशाखा

७) सदस्य : प्रधानाध्यापक वा निजले तोकेको शिक्षक (स्थानीय तहभित्रका सबैभन्दा उच्च तहको कुनै एक विद्यालय)

८) सदस्य : संयोजक नगरस्तरीय बाल संजाल

९) सदस्य : स्थानीय पत्रकार संयोजकलेल मनोनियत गरेको एक जना

१०) सदस्य : बेचबिखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा काम गर्ने गैसस संस्थाको प्रतिनिधि एक जना

११) सदस्य : मानव बेचबिखन तथा ओसारपसार पीडित ब्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेको एक जना सदस्य (उपलब्ध भएसम्म )

१२) सदस्य सचिव : प्रमुख सामाजिक विकास महाशाखा

५) नगरस्तरीय समितिले कानुनी संरचनागत, कार्यविधिगत तथा अन्य आवश्यक विषयमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति,

गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय लगायत सम्वन्धित निकायसंग समन्वय गर्ने छ।

## परिच्छेद -३
## नगर स्तरीय समितिको काम, कर्तव्य र अधिकार

६. नगरस्तरी समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्क्रमहरु सञ्चालन गर्ने।
- मानव बेचबिखन तथा ओसारपसार सँग सम्बन्धित स्थानीय तहमा लागत तथा अभिलेख अद्यावधिक गर्ने।
- पीडित सहायताका लागि आवश्यक अन्तरनिकाय तथा अन्तर स्थानीय तह समन्वय तथा सिफारीसको कार्य गर्ने।
- स्थानीय स्तरमा पिडित सहायता तथा मानव बेचबिखन विरुद्धका कार्यकमहरु सञ्चालन गर्न मानव बेचबिखन विरुद्धको कोष स्थापना र सञ्चालन गर्ने।
- स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरु माझ मानव वेचविखनका विविध बिषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने।
- स्थानीय स्तरका कार्यकमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैसस तथा निजि क्षेत्रसँग सहकार्य र समन्वय गर्ने।
- प्रत्येक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानव बेचबिखन विरुद्धको वडास्तरीय समिति गठन र परिचालन तथा सबलिकरण गर्ने।
- महानगरस्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ।
- महानगरपालिकामा रहेका रोजगार प्रर्वद्धन, महिला विकास,

बालअधिकार प्रर्वद्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरुलाइ पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरुलाई लक्षित गरी सञ्चालन गर्ने ।

## परिच्छेद–४
## वडा स्तरीय समिति

७. मानव बेचबिखन विरुद्धको वडा स्तरीय समितिको गठन देहाय बमोजिम हुनेछ ।

(१) वडाको आयोजनामा स्थानीय महिला समुह, लैंगिक हिंसा निवारणको लागि निगरानी समुह, बाल क्लब, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघसंस्था, स्वास्थ्य स्वंयमसेवीका तथा स्थानीय विद्यालयका शिक्षक शिक्षिका, स्थानीय प्रहरी आदिको उपस्थितिमा वडा स्तरीय भेला गर्ने ।

(२) सोही भेलाले देहायका प्रतिनिधिहरुको मनोनयन गरी वडा स्तरीय समिति गठन गर्नेछ ।

(८) वडास्तरीय समिति सम्बन्धि व्यवस्था देहाय वमोजिम हुनेछ ः

(१) स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार स्थानिय सरकारले विभिन्न विषयगत समिति उप समितिहरुको गठन गर्न सक्ने व्यवस्था रहेको र मानव वेचविखन तथा ओसारपसार नियन्त्रणका लागि पोखरा महानगरपालिकाले प्रत्येक वडामा देहाय वमोजिमको वडा स्तरिय समिति गठन गर्ने छ ।

(१) संयोजक ः वडा अध्यक्ष वा निजले तोकेको व्यक्ति
(२) सदस्य ः महिला प्रतिनिधि वडा स्तरिय
(३) सदस्य ः सिमान्तकृत तथा दलित समुदायबाट महिला
(४) सदस्य ः महिला समुह/ किसोरी समुह
(५) सदस्य ः बाल क्लब

(६) सदस्य : प्रधानाध्यापक, स्थानिय भित्रका सवैभन्दा उच्च तहको विद्यालय

(७) सदस्य : प्रमुख स्थानीय स्वास्थ्य सेवा केन्द्र प्रमुख

(८) सदस्य : प्रमुख स्थानिय वडा प्रहरी कार्यालय

(९) सदस्य : स्थानिय तहमा क्रियाशिल संघ संस्थाका प्रतिनिधि एक जना

(१०) सदस्य : मानव वेचविखन तथा ओसारपसार पिडित व्यक्तिहरु मध्येबाट संम्बन्धित स्थानिय तहले मनोनित गरेको एक जना सदस्य (उपलव्ध भएसम्म)

(११) सदस्य सचिव : वडा सचिव

## परिच्छेद–५
## वडास्तरीय समितिको काम, कर्तव्य र अधिकार

९. वडास्तरीय मानव बेचबिखन विरुद्धको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानिय अभियान तथा कार्यक्रमहरु संचालन गर्ने ।
- आफ्नो कार्यक्षेत्रभित्र पिडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पिडित सहायताका लागि आवश्यक अन्तरनिकाय तथा अन्तरस्थानिय तहमा समन्वय तथा सिफारिसको कार्य गर्ने ।
- स्थानिय तहमा सभा सदस्य तथा सरोकारवालाहरु तथा मानव बेचबिखनका विविध बिषयमा परिक्षण तथा क्षमता विकास गोष्ठी संचालन गर्ने ।
- वडास्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकता अनुसार सो भन्दा बढि पनि बस्न सक्नेछ ।

## परिच्छेद–६
## बजेट व्यवस्थापन

१०. **बजेट व्यवस्थापनका आधारः** (१) स्थानिय तहले मानववेचविखन तथा ओसारपसार नियन्त्रण क्रियाकलाप सञ्चालन गर्नका लागि स्थानीय सरकारले बजेट निकासा गर्ने ।

(२) अन्य सरकारी तथा गैरसरकारी निकायसँग सहकार्य गरी बजेट व्यवस्था गर्न सकिने ।

**प्रकाशन मिति : २०७९ पौष १४ गते**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**